# नेपाल सरकार

प्रदेश प्रमुख
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## ३०४ औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसको शुभकामना सन्देश

राष्ट्र निर्माण र राष्ट्रिय एकताका नेतृत्वकर्ता पृथ्वीनारायण शाहको ३०४औं जन्मजयन्ती तया राष्ट्रिय एकता दिवसको अवसरमा सर्वप्रथम राष्ट्र निर्माता पृथ्वीनारायण शाहप्रति सम्मानभावका साथ श्रद्धाञ्जली अर्पण गर्दछु। यस दिवसका अवसरमा वागमती प्रदेश, स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण दिदीवहिनी तथा दाजुभाइहरूमा शुभकामना व्यक्त गर्दछु।

आपसी द्वेष, र लडाइको अन्तहीन श्रृङ्खलाबाट गुज्रिएका बिभिन्न भागमा छरिएका राज्यहरुलाई एकीकरणको अभियान थालनी गर्ने पृथ्वीनारायण शाहको स्वाधीन र स्वाभिमान  नेपाल देश निर्माणको अभूतपूर्व योगदान इतिहाँसमा कहिल्यै नमेटिने गरि स्वर्ण अक्षरले लेखिएको छ। भौगोलिक, जातीय, धार्मिक, भाषिक र भावनात्मक एकताको जग पृथ्वीनारायण शाहले बसाउनुभएको हो। यो जग नै हाम्रो राष्ट्रिय एकता, स्वाभिमान, सहिष्णुता र मेलमिलापको आधार हो।

पृथ्वीनारायण शाहको दूरदर्शिता वहाँका दिव्योपदेश र कार्यशैलीबाट प्रष्ट झल्किन्छ। वहाँ हामी सबैका लागि प्रेरणाका स्रोत हुनुहुन्छ। सुन्दर फूलवारीको वहाँको परिकल्पनामा साँच्चिकै राष्ट्रहित र समृद्धिको अनुपम भाव लुकेको छ। पृथ्वीनारायण शाहका दूरदर्शी विचारहरुलाई आत्मसात गरेर अघि बढ्नु आजको अपरिहार्य आवश्यकता हो। हामी फुटेर होइन जुटेर अघि बढ्नु पर्छ अन्यथा इतिहाँसले हामीलाई धिक्कार्ने छ। स्वतन्त्रता र सार्वभौमसत्ता हाम्रो प्रमुख चासोको विषय हो। पृथ्वीनारायण शाहजस्ता व्यक्तित्वबाट पाठ सिकेर अस्तित्व, गौरव तथा रक्तरंजित इतिहासलाई सम्मान  गरि राष्ट्रिय स्वार्थका सवालमा  सम्पूर्ण राजनैतिक दलहरु र नागरीक समाज एक ढिक्का भएर शान्त र समृद्ध देश निर्माणको अभियानमा जुट्नुपर्दछ। आजको विशेष दिनले  विश्वव्यापीकरण र ध्रुवीकरणको यो परिवेशमा  राष्ट्रिय एकता कायम गरि देश र जनताको साझा हितमा अघि बढ्न सबैलाई प्रेरणा दिनेछ भन्ने कामना गर्दछु।

**२०८२ साल पुस २७ गते, आइतबार**
**ने.सं. ११४६ प्वहेलागा: अष्टमी**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**